आज मिति २०८२ माघ ०३ गते भीरकोट नगरपालिकाका नगरप्रमुख श्री गोविन्दकुमार कर्माचार्यज्यूको अध्यक्षतामा देयाहबमोजिमको उपस्थितिमा १३५ औं नगर कार्यपालिका बैठक वसि निम्नानुसार निर्णय गरियो।

उपस्थिती

| नामथर | पद | दस्तखत |
|---|---|---|
| श्री गोविन्द कुमार कर्माचार्य | नगर प्रमुख | |
| श्री भगवती रेग्मी अर्याल | नगर उपप्रमुख | |
| श्री दिपेन्द्र के.सी. | वडा अध्यक्ष वडा नं. १ | |
| श्री श्यामकाजी अधिकारी | वडा अध्यक्ष वडा नं. २ | |
| श्री केशर वहादुर खड्का | वडा अध्यक्ष वडा नं. ३ | |
| श्री रत्न प्रकाश श्रेष्ठ | वडा अध्यक्ष वडा नं. ४ | |
| श्री कृष्ण वहादुर थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| श्री लक्ष्मण खत्री क्षेत्री | वडा अध्यक्ष वडा नं. ६ | |
| श्री तारा प्रसाद अर्याल | वडा अध्यक्ष वडा नं. ७ | |
| श्री नन्दलाल खनाल | वडा अध्यक्ष वडा नं. ८ | |
| श्री चित्र बहादुर राना भुजेल | कार्यपालिका सदस्य | |
| श्री गंगा वहादुर जि. टी. | कार्यपालिका सदस्य | |
| श्री विष्णु माझी | कार्यपालिका सदस्य | |
| श्री बिन्दु खड्का | कार्यपालिका सदस्य | |
| श्री एकमाया घर्ती थापा | कार्यपालिका सदस्य | |
| श्री पार्वती के.सी. | कार्यपालिका सदस्य | |
| श्री ओम कुमारी कोइराला | कार्यपालिका सदस्य | |
| श्री खैसरा वि.क. | कार्यपालिका सदस्य | |
| श्री लक्ष्मण लम्साल | प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थिति

| | | |
|---|---|---|
| श्री सिताराम खनाल | प्रशासकीय अधिकृत | |
| श्री याम प्रसाद रेग्मी | योजना अधिकृत | |

## मिति २०८२।१०।०३ गतेको १३५ औ कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं १**

सडक बोर्ड नेपाल मार्फत चालु आ.ब.२०८२/८३ मा स्थानीय सडक मर्मत संभार कार्यको लागि यस नगरपालिका कार्यालयको लागि स्वीकृत भएको बजेट रकम रु. २४ लाख र नगरपालिका कार्यालयले सडक बोर्ड नियमावली, २०६० बमोजिम नगरपालिकाले समपुरक कोषबाट व्यहोर्नु पर्ने ३० प्रतिशतले हुन आउने रकम रु. १०,२८,५७२। गरी कुल वजेट रकम रु.३४,२८,५७२। बाट कार्यान्वयन हुनेगरी तपसिल बमोजिमका स्थानीय सडक मर्मत तथा निर्माण कार्यक्रम स्वीकृत गरी सहमतिको लागि सडक बोर्ड नेपालमा पेश गर्ने ।

तपसिल

| क्र.स. | आयोजनाको नाम | विनियोजित बजेट रकम रु. | आयोजना कार्यान्वयन हुने स्थान |
|---|---|---|---|
| १ | धुर्व देउराली ग्रामिण सडक निर्माण | ७,००,०००/ | भीरकोट-०२ |
| २ | रोजिखोला कोलडाडा ग्रामिण सडक निर्माण | ५,२८,५७२/ | भीरकोट-०३ |
| ३ | थापागाँउ सडक वाल निर्माण | ७,००,०००/ | भीरकोट-०५ |
| ४ | वैरिखोला थालेखर्क हुँदै रिप मैदान जाने सडक निर्माण | १५,००,०००/ | भीरकोट-०५ |
| | कुल वजेट रकम रु. | ३४,२८,५७२। | |

**निर्णय नं २**

भीरकोट नगरपालिका वडा नं. ०६ आधिखोला दाया किनारा एकुवार घाटमा नदीजन्य पदार्थ थुप्रिइ खोलाको बहाव परिवर्तनमार्फत विपदजन्य जोखिम निम्तन सक्ने भएकाले उक्त क्षेत्रको विशेष प्रारम्भिक वातावरणीय परिक्षण कार्य गरी नदीजन्य पदार्थ व्यवस्थापन गर्ने ।

**निर्णय नं ३**

यस भीरकोट नगरपालिकामा देहायका नगर गौरवका आयोजनाका रुपमा रहेका महत्तवपूर्ण सडकहरुको प्रारम्भिक वातावरणीय परीक्षण वातावरण संरक्षण नियमावली,२०७७ को अधिनमा रही प्रक्रिया अगाडि अढाउने, साथै उक्त कार्यको लागि मेयर संबोधन आकस्मिक तथा विभिन्न खर्च तथा परामर्श सेवा शिर्षकबाट विनीयोजन गर्ने ।

तपसिल

| क्र.स. | आयोजनाको नाम | कैफियत |
|---|---|---|
| १ | मोहनडाडा ठूलिभञ्याङ जिमिरे हुँदै पर्वत जाने सडक | |
| २ | बयरघारी बजार-ठाडोलाइन-बानेथोक देउराली हुँदै विरुवा जाने सडक | |
| ३ | तिलहारनेटा-स्वरेक भञ्याङ हुँदै स्वरेक मैदान जाने सडक | |

निर्णय नं ४

भीरकोट नगरकार्यपालिकाको १२७ औ बैठकको निर्णय नं.१२ को नरि्णायानुसार सामुदायकि वद्यािलय समायोजन कार्यविधि,२०८१ बमोजिम तोकिएको मापदण्ड पुरा नगरेका विद्यालय समायोजन, कक्षा थप, कक्षा घट सम्बन्धी अध्ययन गरी प्रतिवेदन पेश गर्नका लागि कार्यदल गठन भए वमोजिम उक्त कार्यदलले मिति २०८२।०५।०३ गते देखि मिति २०८२।०७।२२ गते सम्म स्थलगत अध्ययन गरी प्रतिवेदन तयार गरेको र सो प्रतिवेदन नगरपालिका कार्यालयमा पेश गरेकाले उक्त प्रतिवेदन स्वीकृत गरी स्थलगत अध्ययनका क्रममा भएको खर्च रकम रु ५८,५००। नगरपालिकाको विविध खर्च शिर्षकवाट भुक्तानी दिने ।

निर्णय नं ५

भीरकोट नगरपालिका अन्तर्गतका सडकहरु स्तरोन्नती गर्ने सन्दर्भमा विभिन्न स्थानहरुमा ह्युमपाइप राख्नुपर्ने भएको हुँदा चालु आ.ब.२०८२/८३ मा नगरसभावाट स्वीकृत बजेट शिर्षक दैवीप्रकोप तथा विपद व्यवस्थापन शिर्षकबाट रु ५ लाखको ह्युमपाइप खरिद गर्ने ।

निर्णय नं ६

भीरकोट नगरपालिका अन्तर्गतका विभिन्न स्थानहरुमा नागरिकहरुको माग निवेदन वमोजिम तपसिल वमोजिमका सामग्री नियमानुसार खरिद प्रक्रिया अघि बढाउने ।

तपसिल

| क्र.स. | सामग्रीको नाम | परिमाण | वजेट शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | ४ इन्च सिंचाइ पाइप | ६०० मिटर | साना सिंचाई प्रवर्द्धन कार्यक्रम | |
| २ | जि आई विद्युत पोल | १०० वटा | मेयर संवोधन आकस्मिक तथा विभिन्न खर्च | |

निर्णय नं ७

भीरकोट नगरपालिका वडा नं. ०२, दहथुम स्थित सिद्धार्थ राजमार्ग देखि दहथुम स्कुल गेटसम्म सडक ढलान गर्ने योजनाको लागि प्राविधिक ल.ई. बमोजिमको अपुग रकम रु.३,४५,०००। मेयर संवोधन भौतिक तथा पूर्वाधार मर्मत बजेट शिर्षकवाट विनियोजन गरी प्रक्रिया अगाडि बढाउने ।

लक्ष्मण लम्साल
प्रमुख प्रशासकीय अधिकृत